# राप्ती सोनारी राजपत्र

## राप्ती सोनारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या २० मिति २०८०/०५/१०

## भाग २

राप्ती सोनारी गाउँपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

### मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि, २०८०

**रासी सोनारी गाउँपालिका**

**मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति [गठन तथा परिचालन] कार्यविधि, २०८०**

## प्रस्तावना-

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ जुन बिशेष ऐनको रुपमा छ ।यस बिशेष ऐनलाई प्रभावकरी कार्यान्वयन गर्नका लागि निर्मित मानव बेचबिखन तथा ओसारप्रसार (नियन्त्रण) नियमावली, २०६५, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) [पहिलो संशोधन] नियमावली २०७७ र मानव बेचबिखन बिरुद्धको स्थानीय समिति [गठन तथा परिचालन] निर्देशिका, २०६५ अनुसार मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्नका लागि केन्द्र देखि स्थानीय तह सम्म समितिहरु गठन तथा परिचालन गर्ने व्यवस्था गरेको छ। यसै ऐन र नियमावली तथा निर्देशिका अनुसार बिगतमा केन्द्रिय समिति, जिल्ला समिति र स्थानीय समितिहरु गठन तथा परिचालन गरि रोकथाम, संरक्षण, अभियोजन लगायतका कार्य गर्दै आएको छ। यसै क्रममा समन्वय र सहकार्यलाई पनि उच्च प्राथमिकताका साथै मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्ने कार्यहरु गरिरहेको छ ।यसै अनुसार स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी समितिहरुको गठनमा एकरुपता ल्याउने तथा परिचालन गर्ने प्रयोजनका लागि कार्यविधिको आवश्यकतालाई मनन गर्दै गाउँपालिका स्तरीय समितिको गठन तथा काम, कर्तव्य र अधिकार निर्धारणका लागि यो कार्यविधि तयार पारिएको हो । नेपालको संबिधानको भाग ३ को धारा २९ मा उल्लेखित शोषण बिरुद्धको हकको उपधारा ३ मा कसैलाई पनि बेचबिखन गर्न, दास वा बधुवा बनाउन पाइने छैन र कसैलाई पनि निजको इच्छा बिपरित काममा लगाउन पाइने छैन भनि स्पष्ट उल्लेख गरिएको छ। साथै संघीय राज्यको व्यवस्था मुताबिक स्थानीय सरकार संचालन ऐन, २०७४ अन्तर्गत स्थानीय तह संचालन हुदै आइरहेको छन् उक्त ऐनको दफा १४ मा स्थानीय सरकारले बिभिन्न बिषयगत समिति उपसमितिहरुको गठन गर्नसक्ने व्यवस्था गरे मुताविक मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गाउँपालिका स्तरीय तथा वडास्तरीय समिति गठन गर्ने, कार्यन्वयन गर्ने स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा [२] ले दिएको अधिकार अनुसार अनुगमन तथा प्रभावकारी बनाउन वाछनीय भएकोले रासी सोनारी गाउँपालिकाले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण (गठन तथा परिचालन) कार्यविधि , २०८० जारी गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१] सन्क्षिप्त नाम र प्रारम्भ ;** १

१.यस कार्यविधिको नाम ”मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समिति [गठन तथा परिचालन ] कार्यविधि २०८० रहको छ ।

[२] यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२.**परिभाषा ; बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ;**

[क] ” स्थानीय तह ”भन्नाले राप्ती सोनारी गाउँपालिका सम्झनु पर्दछ ।

[ख]”वडा कार्यालय ”भन्नाले राप्ती सोनारी गाउँपालिका वडा नं १ देखि ९ नम्बर सम्मका सबै वडा कार्यालय सम्झनु पर्दछ ।

[ग]”समिति ”भन्नाले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समिति सम्झनु पर्दछ ।

[घ]”गाउँ स्तरीय समिति ”भन्नाले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण राप्ती सोनारी गाउँपालिका स्तरीय समिति सम्झनु पदेछ ।

[ङ] ”वडा समिति ” ”भन्नाले राप्ती सोनारी गाउँपालिका वडा नं १ देखि ९ नम्बर सम्मका सबै वडामा गठित समिति सम्झनु पदेछ ।

## परिच्छेद -२

## गाउँपालिका स्तरीय समिति

**३. मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण गाउँ स्तरीय समितिको गठन देहाय बमोजिम हुनेछ** ।[१] राप्ती सोनारी गाउँ कार्यपालिकाको बैठकले स्थानीय महिला समूह , लैंगिक हिंसा निवारणको लागि निगरानी समुह, गाउँ बाल संजाल, गाउँ बाल संरक्षण समिति ,स्थानीय पत्रकार, समाजसेबी , बिभिन्न संघ संस्था , स्वास्थ्य स्वय सेविका तथा स्थानीय बिधालयका शिक्षक शिक्षिका, स्थानीय प्रहरी आदिलाई समेटी गाउँपालिका स्तरीय समिति गठन गर्नेछ ।

[४] **मानव बेचबिखन तथा ओसार पसार  नियन्त्रण  गाउँ स्तरीय समिति समबन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ; [१]** राप्ती सोनारी गाउँपालिकामा देहाय बमोजिमको गाउँ पालिकास्तरीय समिति रहने छ ।

**तपसिल ;**

[१] संयोजक — गाउँपालिकाको अध्यक्ष

[२] सदस्य — उपाध्यक्ष एवं न्यायिक समिति संयोजक

[३]  सदस्य - प्रमुख प्रशासकीय अधिकृत

[४] सदस्य — प्रमुख, (शिक्षा शाखा, स्वास्थ्य शाखा, कृषि तथा पशु सेवा र रोजगार सेवा केन्द्र )

[५] सदस्य —प्रमुख , ईलाका प्रहरी कार्यालय

[६]  सदस्य - प्रधानाध्यापक वा निजले तोकेको शिक्षक [स्थानीय तह भित्रका सबैभन्दा उच्च तहको कुनै एक बिधालय]

[७]  सदस्य —  अध्यक्ष राप्ती सोनारी युवा संजाल

[८] सदस्य —अध्यक्ष, राप्ती सोनारी उद्योग वाणिज्य संघ

[९]  सदस्य — जिल्ला, पत्रकार महासंघ वा प्रतिनिधि

[१०]  सदस्य —बेचबिखन तथा ओसारपसार बिरुद्धको क्षेत्रमा काम गर्ने गै.स.स.संस्थाको प्रतिनिधि १ जना

[११]  सदस्य —मानव बेचबिखन तथा ओसारपसार पीडित ब्यक्तिहरु मध्ये बाट सम्बन्धित स्थानीय तहले मनोनित गरेको एक जना सदस्य — उपलब्ध भए सम्म ] वा

[१२]  सदस्य —महिला स्वयम् सेविका वा संजाल गाउँ स्तरीय

[१३]  सदस्य —सचिब — प्रमुख महिला तथा बालबालिका शाखा

**५ गाउँ स्तरीय समितिले कानुनी संरचनागत , कार्य विधिगत तथा अन्य आवस्यक बिषयमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति, लुम्बिनी प्रदेशको सामाजिक विकास मन्त्रालय लगायत सम्बन्धित निकाय संग समन्यव गर्नेछ ।**

१. मानव बेचबिखन तथा ओसार प्रसार नियन्त्रण गाउँ स्तरीय समितिका पदाधिकारीहरुले सो समितिको बैठकमा भागलिए बापत गाउँ कार्यपालिकाले बमोजिमले रकम बैठक भत्ताबापत पाउनेछन् ।

२. प्रदेश तथा जिल्ला स्तरीय समितिले आवश्यक निर्देशन तथा सुझाव दिन सक्नेछ र दिइएको सुझाब तथा निर्देशनको पालना गर्नु समितिको कर्तब्य हुनेछ ।

३. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गाउँ स्तरीय समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

४.मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गाउँ स्तरीय समितिको बैठक अध्यक्षले तोकेको मिति,समय र स्थानमा बस्नेछ ।

५. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गाउँ स्तरीय समितिको बैठक सदस्य संख्याको पचास प्रतिशत भन्दा बढि सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

६. समितिले बैठकमा आवश्यकता अनुसार गाउँपालिकाको कुनै कर्मचारी , पदाधिकारी वा अन्य कुनै ब्यक्तिलाई समितिको बैठकमा पर्यबेक्षकका रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद -३

## गाउँपालिका स्तरीय समितिको काम, कर्तब्य र अधिकार

**[६] गाउँ स्तरीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

. मानव बेचबिखन तथा ओसारपसार बिरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरु संचालन गर्ने ।

. मानव बेचबिखन तथा ओसारपसार संग सम्बन्धित स्थानीयतहमा लगत तथा अभिलेख अधवधिक गर्ने ।

. पिडित सहायताका लागि आवश्यक अन्तनिकाय तथा अन्तर स्थानीयतह समन्वय तथा सिफारिसको कार्य ।

. स्थानीय स्तरमा पिडित सहयात तथा मानव बेचबिखन बिरुद्धको कोष स्थापना र संचालन गर्ने ।

. स्थानीय तहमा सरोकारवालाहरु माझ मानव बेचबिखनका बिबिध बिषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी संचालन गर्ने ।

. स्थानीय स्तरका कार्यक्रमहरु संचालन गर्न अन्य सरकार निकाय, गैसस तथा निजि क्षेत्र संग सहकार्य र समन्वय गर्ने ।

. प्रेत्यक वडामा वडा अध्यक्ष वा तोकिएको सदस्यको संयोजकत्वमा मानव बेचबिखन बिरुद्धको वडा स्तरीय समिति गठन र परिचालन तथा सबलीकरण गर्ने . गाउँ स्तरीय समितिको बैठक बार्षिक न्यूनतम ६ पटक र आवश्यकटा अनुसार सो भन्दा बढी पनि बस्ने सक्नेछ ।

. गाउँपालिकामा रहेका रोजगार प्रबर्दन, महिला विकास, बाल अधिकार प्रबर्दन, कृषि विकास , पशु विकास वा यस्तै समुदायमा केन्द्रित कार्यक्रमहरुलाई पिडित तथा जोखिम क्षेत्रक बासिन्दाहरुलाई लक्षित गरी संचालन गर्ने ।

## परिच्छेद -४

## वडा स्तरीय समिति

**[७]मानव बेचबिखन बिरुद्धको वडा स्तरीय समितिको गठन देहाय बमोजिम हुनेछ ।**

आयोजनामा स्थानीय महिला समुह,लैगिक हिंसा निवारणको लागि निगरानी समुह बाल क्लब, स्थानीय पत्रकार , समाज सेबी , बिभिन्न संघ संस्था, स्वास्थ्य स्वयसेविका तथा स्थानीय बिधालयका शिक्षक शिक्षिकाव, स्थानीय प्रहरी आदिको उपस्थितिमा वडा स्तरीय भेला गर्ने । उक्त भेला वडा अध्यक्षको अध्यक्षतामा बस्ने छ ।

[२]सोही भेलाले देहायका प्रतिनिधिहरुको मनोनयन गरी वडा स्तरीय समिति गठन गर्नेछ ।

**८. वडा स्तरीय समिति सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ;** [१]स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ अनुसार स्थानीय सरकारले बिभिन्न बिषयगत समिति उप-समितिहरुको गठन

गर्न सक्ने व्यवस्था रहेको र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि रासी सोनारी गाउँपालिका ले प्रत्येक वडामा देहाय बमोजिमको वडा स्तरीय समिति गठन गर्नेछ ।

**तपसिलः**

[१] संयोजक - वडा अध्यक्ष, [वा निजले तोकेको व्यक्ति

[२] सदस्य - महिला प्रतिनिधि, वडा स्तरीय

[३] सदस्य - सीमान्तकृत तथा दलित समुदायकबाट महिला

[४] सदस्य - महिला समुह /किशोरी समुह

[५] सदस्य - बाल क्लब

[६] सदस्य - प्रधानाध्यापक , वडा भित्रका सबै भन्दा उच्चा तहको बिधालय

[७ ] सदस्य - प्रमुख , स्थानीय स्वास्थ्य सेवा केन्द्र

[८] सदस्य - स्थानीय प्रहरी कार्यालय

[९ ] सदस्य - स्थानीय तहमा क्रियाशील संघ संस्थाका प्रतिनिधि १ जना

[१० ] सदस्य - मानव बेचबिखन तथा ओसारपसार पिडित ब्यक्तिहरु मध्येबाट सम्बन्धित स्थानीय तहले मनोनीत गरेको एक जना सदस्य [उपलब्ध भए सम्म ]

[११ ] सदस्य सचिब - वडा सचिब

## परिच्छेद -५

## वडास्तरीय समितिको काम, कर्तब्य र अधिकार

**[९] वडा स्तरीय मानव बेचबिखन बिरुद्धको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

. मानव बेचबिखन तथा ओसारपसारबिरुद्ध स्थानीय तथा कार्यक्रमहरु संचालन गर्ने ।

आफनो कार्यक्षेत्र भित्र पिडितको उद्धार तथा सरक्षणको व्यवस्था गर्दै , पिडित सहायताका लागि आवश्यक अन्तरनिकाय तथा अन्तर स्थानीय तह समन्वय तथा सिफारिसको कार्य गर्ने ।

. स्थानीय तहमा सभा सदस्य तथा सरोकारवालाहरु माझ मानव बेचबिखनका बिबिध बिषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी संचालन गर्ने।

. वडा स्तरीय समितिको बैठक बार्षिक न्यूनतम ६पटक र आवश्यकता अनुसार सो भन्दा बढि पनि बस्न सक्ने छ ।

**१०. बिबिध ;**

१.बाझीएको हद सम्म अमान्य ; यो कार्यविधि प्राबधान संघीय तथा प्रदेश कानुन संग बाझीएमा बाझीएको हद सम्म अमान्य हुनेछ ।

२. भए गरेको मानिने ; यस अघि यस गाउँपालिका बाट यस सम्बन्धि भए गरेका काम कारबाही यसै बमोजिम भए गरेका मानिने छ ।

३. बाधा अड्काउ फुकाउने ; यस कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अड्काउ परेमा बाधा अड्काउ कार्यपालिका निर्णय गर्न सिकने छ ।

**आज्ञाले,**

**ओम प्रकाश देवकोटा**

**प्रमुख प्रशासकीय अधिकृत**